# विकास प्रशासन र नेपालमा यसको प्रयोग



किरण जोशी*

## विकास (Development)

प्रसिद्ध अर्थशास्त्री Gunar Mirdal ले आफ्नो पुस्तक **Asian Drama** मा विकासलाई Development is away from underdevelopment भनेर परिभाषित गरेका छन् ।

Development is known as growth plus change – _D. V. Raman.

Development is not only and economic proposition it is a human problem. स्व. राजा वीरेन्द्र ।

उल्लेखित भनाइलाई विश्लेषण गर्दा :

- विकास समाजको सर्वाङ्गीण उन्नति हो ।
- विकास आर्थिक, सामाजिक राजनीतिक र सांस्कृतिक पनि हुन्छ ।
- वास्तवमा विकास त मानवीय समस्या हो । यो समयसापेक्ष समाधानहीन र सम्भवतः स्थायी समाधान नभएको विषय हो ।
- यो निरन्तरताको करिब हुन्छ ।
- विकास प्रगतिमूलक परिवर्तन हो । यो लगातार आइरहन्छ ।
- सामाजिक मूल्यमान्यतामा परिवर्तन राजनीतिको संस्थागत विकास एवं आर्थिक, सामाजिक, सांस्कृतिक र शैक्षिक सबै पक्षमा परम्पराबाट आधुनिकतातर्फ सकारात्मक परिवर्तन नै वास्तविक रूपमा समग्र विकास हो ।

## प्रशासन (Administration)

प्रशासनको सरल अर्थ साधन र स्रोतको उचित प्रबन्ध र सोको उपयोग एवं व्यवस्थापन भन्ने बुझिन्छ । अर्थात् उत्कृष्ट तरिकाले शासन गर्ने कार्य नै प्रशासन हो । यसबाहेक प्रशासनका विभिन्न अर्थहरू हुन्छन् । Govern (शासन गर्ने), Direction (निर्देशन दिने ), Guidance (पथप्रदर्शन गर्ने), Order (आदेश वा आज्ञा दिने) कार्यलाई जनाउँछ । प्रशासन (Administration) ल्याटिन भाषाबाट आएको हो । यसको प्रारूप (Administrare) थियो । Ad+Ministrare को अर्थ To serve the people (जनताको सेवा गर्नु), To care for or look after the people (जनताको हेरविचार गर्नु) To manage public

* शाखा अधिकृत, सामान्य प्रशासन मन्त्रालय ।

affairs (जनतासँग सरोकार राख्ने विभिन्न क्रियाकलापहरूको व्यवस्थापन) भन्ने बुझिन्छ । आधुनिक समयमा प्रशासन भन्नाले निर्दिष्ट उद्देश्य प्राप्तिका लागि पारस्परिक सहयोग र समन्वयमा आधारित योजनाबद्ध कार्यव्यवस्था एवं स्रोत र साधनको उपयुक्त तथा प्रभावकारी व्यवस्थापनलाई बुझिन्छ ।

## विकासका पक्षहरू (Aspect of development)

विकासको अन्तिम लक्ष्य मानव जीवनको स्तर उकास्नु र उनीहरूलाई सन्तुष्ट पार्नु हो भने तापनि यो बाटो पहिचान गर्ने सिलसिलामा विभिन्न लेखक तथा विद्वान्हरूले आफ्ना तर्क पेस गरेका छन् ।

१. **आर्थिक पक्ष** : आर्थिक पक्षमा विश्वास राख्ने विद्वान्हरूका अनुसार जबसम्म राष्ट्रमा आर्थिक क्रान्ति आउँदैन, तबसम्म देशले गरिबीकै भुमरीमा रुमल्लिरहनुपर्दछ । त्यसैले प्रत्येक विकासोन्मुख राष्ट्रले जनताको प्रतिव्यक्ति आय वृद्धि गर्ने, कुल ग्राहस्थ्य उत्पादन वृद्धि गर्ने, राष्ट्रिय उत्पादन वृद्धि गर्ने आदि कार्यमा संलग्न रहनुपर्दछ । यसै क्रममा यस सिद्धान्तका विद्वान्हरूले विकासोन्मुख राष्ट्रमा विद्यमान अकालचक्र (Vicous circle), जहाँ गरिबी, प्रतिव्यक्ति आय थोरै र बेरोजगारी रहन्छ, त्यसलाई पार गर्ने हेतुले उपाय रच्नुपर्ने राय पेस गरेका छन् ।

२. **सामाजिक/सांस्कृतिक पक्ष** : विकास कार्य सम्पन्न गर्न सामाजिक सांस्कृतिक उन्नतिका बारेमा सरकारले ठोस पहल गर्नुपर्ने हुन्छ । सामाजिक बनोट, शिक्षाको स्तर, स्वास्थ्य, सामाजिक सेवा, परिवार सङ्ख्या जातजाति, आधुनिकीकरण आदि विभिन्न पक्षबाट राष्ट्रको विकास पहिचान गर्न सकिन्छ । राष्ट्रमा अशिक्षित जनसङ्ख्या धेरै भएमा उपयुक्त स्वास्थोपचारको सुविधा नभएमा, ठूलो परिवार सङ्ख्या भएमा वा आश्रित परिवार सदस्य धेरै भएको पाइएको छ । तसर्थ यी विभिन्न पक्षमा क्रमिक सुधार नगरी राष्ट्रलाई विकासको बाटोमा डोऱ्याउन मुस्किल पर्दछ ।

त्यसै राष्ट्र धनी भए तापनि आयको समूचित वितरण नभएमा, बेरोजगारी समस्या चर्को छ भने, दृश्य अदृश्य (Overt and covert) समस्या जस्तो चोरी डकैती, देहव्यापार आदिको जगजगी छ भने त्यस मुलुकलाई विकसित भनी संकेत गर्न मिल्दैन । यस पक्षलाई समेत ध्यानमा राखी यस्ता सामाजिक विकृतिहरू समाजबाट पन्छाएमा कुनै पनि राष्ट्र विकासको चुलीमा पुग्न सक्छ ।

सांस्कृतिक पक्षका लागि समाजका प्रचलित मूल्यमान्यता, जातीयता, धर्मपरम्परा र भाव अभावका कुराले समेत विकास कार्यमा प्रत्यक्ष भूमिका खेलिरहेको हुन्छ । अर्थात् सामाजिक उत्थान नभई, संस्कृतिको संरक्षण नभई देश विकास सम्भव छैन । परिवारमा झैझगडा नहोस् समाजमा शान्ति सुव्यवस्था कायम रहोस् चेलीबेटीको मर्यादा रहोस्, आफ्नो धनसम्पत्तिको सुरक्षा र संरक्षण होस् भन्ने सबैजना चाहन्छन् । तसर्थ यस्तो अवस्था सृजना गरी जबसम्म राष्ट्र अगाडि बढ्न सक्तैन, तबसम्म त्यहाँ विकास गाह्रो हुन्छ ।

३. **भूराजनीतिक पक्ष** : विकास कार्य अगाडि बढाउँदा राज्यको विकास भौगोलिक अवस्था र राजनीतिक वातावरणमा भर पर्ने राय भूराजनीतिक पक्षका समर्थकहरूले दिने गरेका छन् । विश्वका प्रत्येक भूपरिवेष्ठित राज्यले आफ्नो विकासक्रमलाई अगाडि बढाउन केही न केही समस्या भोगिरहेका छन् । त्यसै गरी समतल र मलिलो माटो भएका मुलुकले जुन रफ्तारमा विकास अगाडि बढाउन सकेका छन्, सो नहुने मुलुकले आशातीत विकास गर्न सकिरहेका छैनन् । पहाडी मुलुकमा प्राकृतिक आकर्षण भए तापनि पूर्वाधार निर्माण निकै खर्चिलो र समय लाग्ने हुन्छ । यसका साथै स्थान विशेषले समेत मुलुकको विकासमा असर पार्दछ । आज अमेरिका, युरोपले जुन रफ्तारमा प्रगति

गर्न सकेको छन्, त्यो प्रगति एसिया र अफ्रिकामा छैन । त्यस्तै राजनीतिक पृष्ठभूमि हेर्ने हो भने जुन देशमा बहुदलीय राजनीतिक व्यवस्था छ, त्यहाँ विकासले गति लिन सक्ने सम्भावना बढी रहन्छ । सैनिक शासन, जहाँनिया शासन, तानाशाह र हुकुमी शासन भएका देशमा विकासले गति लिन सकेको छैन ।

४. **प्राविधिक पक्ष** : विकासका क्रममा प्राविधिक पक्षलाई नकार्न मिल्दैन । दोश्रो विश्वयुद्ध समाप्त भएपछि सन् १९४५ देखि सन् १९७५ तीस वर्षमा विश्वले अतीतमा कहिल्यै गर्न नसकेका परिवर्तन गर्न सक्नुका कारण नै प्राविधिक पक्ष हो । ज्ञान विज्ञानको नयाँ आयामले कतिपय राष्ट्रको विकासले विश्वलाई जोडिसकेको छ । सञ्चारको विकासले विश्वलाई जोडिसकेको छ । जेट विमानको विकास र विस्तारले बिहान नास्ता महेन्द्रनगरमा खाए दिउँसोको खाना काठमाडौँमा खान सकिन्छ । नयाँ मेसिन कलकारखानाका माध्यमबाट उत्पादनमा वृद्धि गर्न सकिन्छ । कम्प्युटर प्रणालीले काममा छिटोपना र विश्वसनीयता सृजना गरेको छ । मानिस चन्द्रमामा खुट्टा टेक्न सफल भएको छ । यी सब उपलब्धि विज्ञान र प्रविधिकै देन हुन् ।

५. **प्रशासन एवं व्यवस्थापन पक्ष** : विकास हासिल गर्नका लागि प्रशासनिक एवं व्यवस्थापन पक्षको पनि आवश्यकता पर्दछ । राष्ट्रले अंगीकार गरेको प्रत्येक लक्ष्य प्राप्तिका लागि सक्षम एवं प्रभावकारी प्रशासन पद्धति पूर्वसर्त हो । देशमा शान्ति सुव्यवस्था कायम गर्न उत्पादित वस्तुलाई बजारसम्म सुलभ तुल्याउन, आम जीवनका सिलसिलामा आवश्यक पर्ने विविध सेवा वस्तु उपलब्ध गराउन क्षणक्षणमा प्रशासनको आवश्यकता पर्दछ । प्रशासन कमजोर छ भ्रष्ट छ जनमुखी छैन भने राष्ट्रले जस्तोसुकै योजना तर्जुमा गरे तापनि सफल कार्यान्वयन सम्भव हुँदैन । त्यस्तै व्यवस्थापनको मुख्य कार्ययोजना एवं निर्णय गर्नु, सङ्गठन गर्नु, नेतृत्व गर्नु र नियन्त्रण गर्नु हो । स्रोतको पहिचान गर्ने सिलसिलमा मानव, आर्थिक, भौतिक र सूचना स्रोतबारे विशेष ध्यान पुऱ्याउनुपर्दछ । उपयुक्त आधार र हाम्रो परिप्रेक्षमा विकासले ध्यान दिनुपर्ने पक्षहरू निम्नानुसार छन् :

- आधारभूत आवश्यकताको परिपूर्तिका लागि पहल गर्ने ।
- जनताको जीवन स्तरमा सुधार ल्याउन विभिन्न कल्याणकारी कार्यहरू अगाडि बढाउने ।
- गरिबी न्यूनीकरण गर्नका लागि जनशक्तिको विकास, प्राकृतिक स्रोत र साधनको उपयोग गर्ने ।
- सामाजिक आर्थिक पूर्वाधारको विकास गर्ने, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रमा लगानी वृद्धि गर्ने ।
- फराकिलो र दिगो आर्थिक वृद्धि प्राप्तिका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने ।
- आर्थिक समृद्धितर्फको उन्मुखताका लागि कृषिको प्रवर्धन औद्यौगिक विकास, पर्यटन क्षेत्रको विस्तार गर्ने ।
- स्थानविशेष र मानव विकास हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।

## विकासका पूर्वसर्तहरू (Pre-condition of development)

- स्थिर राजनीतिक प्रणाली : राजनीतिक अस्थिरता विकासको बाधक हो । तसर्थ विकासका लागि सर्वप्रथम राजनीतिक स्थिरता हुनु आवश्यक छ ।
- स्थिर प्रशासनिक प्रणाली : विश्वमा प्रशासनिक संयन्त्रलाई स्थायी सरकारका रूपमा हेरिन्छ । राजनीतिक अस्थिरतामा पनि प्रशासनले जनतालाई सेवाप्रवाह सुचारु गर्ने हुँदा स्थायी प्रशासनिक प्रणालीको विकास हुनु जरुरी छ ।

- राम्रो आधार भएको सांस्कृतिक प्रणाली : कुनै पनि राजनीतिक र प्रशासनिक प्रणाली सोही समाजको अंश हुने हुँदा विकासका लागि राम्रो आधारयुक्त सांस्कृतिक प्रणाली हुनुपर्दछ ।
- योजना प्रणाली : योजनाबद्ध विकासले के, कहाँ, किन, कसरी, कोबाट, कहिले गर्ने भन्नेबारे स्पष्ट हुने हुँदा योजनाबद्ध यसको खाका कोरिएर सोहीअनुरूप काम भएमा विकासले छिटो गति लिन सक्तछ ।
- जनसहभागिता : विकासका कार्यसञ्चालन गर्दा कस्तो आयोजना निर्माण गर्ने भन्नेबारेमा लाभग्राहीको जनसहभागिता सक्रिय रूपमा हुनुपर्दछ । त्यस्तो योजना सञ्चालन गर्न विभिन्न विकल्पहरूको लगानी विश्लेषण जोखिम, नेतृत्व र तालिम सहभागितात्मक तरिकाबाट विश्लेषण तथा कार्यान्वयन गरिनुपर्छ । आयोजनाको कार्यान्वयनको क्रममा आइपरेका बाधा अवरोध, मर्मतसम्भार र पुनर्निर्माणसम्मका कार्यमा जनसहभागिता परिचालन भएमात्र विकास दिगो हुन्छ ।
- दूरदर्शिता र प्रतिबद्धता : सञ्चालनमा आइरहेका आयोजनाहरूले सो स्थान र राष्ट्रमा कस्तो प्रभाव र परिणाम ल्याउने छ भन्ने सम्बन्धमा दूरदर्शिता हुनुपर्दछ । नयाँ कार्यक्रमहरू सञ्चालन गर्न राजनीतिक र प्रशासनिक प्रतिबद्धता आवश्यक पर्दछ ।
- उपयुक्त स्रोतको व्यवस्था : विकास योजनाहरू सञ्चालन गर्न विभिन्न स्रोतसाधन (5m+I = Men, Money, Material, Market, Method+Information) को व्यवस्था गरिएको हुनुपर्दछ ।

## विकास कार्यमा आईपर्ने अवरोधहरू

- भौगोलिक बनावट : भूपरिवेष्ठित राष्ट्रले देश विकासका क्रममा अनेक समस्या झेल्नुपर्दछ । भूउपयोगले पनि विकासलाई असर पारिरहेको हुन्छ । तुलनात्मक रूपमा ठूला राज्यलाई भन्दा साना राज्यलाई पूर्वाधार निर्माण कार्य द्रूत गतिमा अगाडि बढाउन कठिनाइ भोग्नुपर्छ ।
- अस्थिर सरकार : विकासोन्मुख देशहरूमा राजनीतिक समझदारीको अभावका कारण सरकार छिटोछिटो परिवर्तन भइरहन्छ । सरकार सञ्चालन गरेको पार्टीले जनताको भलाइ नगर्ने, छोटो अवधिमै सरकार परिवर्तन हुने, मध्यावधि चुनाव भइरहनाले विकास कार्यमा प्रतिकूल असर पर्दछ ।
- कमजोर प्रशासन : विकासोन्मुख देशको प्रशासनमा ढिलासुस्ती, भ्रष्टाचार, नातागोता र राजनीतिक हस्तक्षेपका कारण प्रशासन कमजोर हुन्छ ।
- वैदेशिक प्रभाव : विकासोन्मुख राष्ट्रलाई विकसित राज्यले सहयोग एवं ऋण उपलब्ध गराएका हुन्छन् । कतिपय अवस्थामा यस्ता सहयोग राजनीतिक आधारमा तय गरिन्छन् । विकास निर्माणको प्राथमिकता सहयोग प्राप्त गर्ने राष्ट्रभन्दा दातृ राष्ट्रको तजबिजमा निर्णय गरिन्छ ।
- सामाजिक अवरोध : देशमा भएका विविध धर्म, भाषा, जाति विद्यमान रहेमा विकास मार्गलाई परोक्ष ढङ्गले प्रतिकूल प्रभाव पार्न सक्छ । यस्तै शिक्षाको कमी, संयुक्त परिवार, गरिबी, जनसङ्ख्या वृद्धि, गाउँबाट राजधानी र सहरतिर बढ्दै गएको बसाइसराइ अर्को चुनौती बन्न गएको छ ।

- ग्राहस्थ्य स्रोतको कमी : विकासोन्मुख राष्ट्रमा बेरोजगारीका कारणले वचत वृद्धि गर्न सकिँदैन । सबै विकासकार्य अरूले दिएको सहयोग, अनुदान र ऋणमा मात्र सञ्चालन गर्न सम्भव नभएकोले यसमा विशेष ध्यान पुऱ्याउन आवश्यक छ ।
- व्यापार घाटा : आयात बढी र निर्यात कमी भएका कारण तेस्रो विश्वका राष्ट्रहरूले प्रतिवर्ष ठूलो व्यापार घाटा बेहोर्नुपरेको छ । यो क्रम प्रतिवर्ष बढ्दै गइरहेका कारण विकासमा अप्रत्यक्ष असर परिरहेको छ ।
- स्रोत परिचालन गर्ने क्षमताको कमी : बढ्दो मूल्य वृद्धि, कम आर्कषित बैङ्क व्याज, सुनचाँदी र घरजग्गा खरिदमा लगानी गर्ने प्रवृत्ति आदिका कारण ग्राहस्थ्य स्रोत परिचालन निकै मुस्किल पर्दछ । यसमा सुधार हुनुपर्दछ ।
- ग्रहण गर्ने क्षमताको कमी : योजना कार्यान्वयनका सिलसिलामा छुट्याइएको रकम उपयोग नहुनु, वर्षको अन्तमा बजेट सिध्याउन अनावश्यक खरिद गर्नु, पेस्की दिनुले एकातिर अर्थ अभाव र अर्कोतर्फ आर्थिक स्रोत ग्रहण गर्ने क्षमताको कमीका कारण यस्तो अवस्था हुन पुग्छ।
- सीपको कमी : देशको जनशक्तिमा सीपको अभावले विकास कार्य सुचारु हुन सक्दैन । उपयुक्त समयमा उपयुक्त कार्यका लागि उपयुक्त मानिसको पहिचान हुन नसक्नु, उपलब्ध दक्ष, अर्धदक्ष जनशक्तिको उच्चतम प्रयोग नहुनु आदि विविध कारणले एकातर्फ राष्ट्रमा सीपमूलक जनशक्तिको अभाव देखिएको छ भने अर्कोतर्फ विद्यमान जनशक्ति विदेशिनुले प्रतिभा पलायनको समस्या भोग्नुपरेको छ ।
- पूर्वाधारको कमी : विकास कार्यका लागि पूर्वाधारको ठूलो महत्त्व हुन्छ । सडक, विजुली, टेलिफोन, बैङ्क सुविधा आदिको आवश्यक प्रबन्ध बढाउन मुस्किल पर्दछ । अतः प्रत्येक विकासोन्मुख राष्ट्रले निर्माणका क्रममा आवश्यक पर्ने पूर्वाधारको व्यवस्थासमेत मिलाउनुपर्दछ।

## विकासका सिद्धान्त र उपागमहरू

विकासोन्मन्ख मुलुकको पछौटेपन वा अल्पविकसित वा अविकसित अवस्थाको व्याख्या विभिन्न विद्वान्ले विभिन्न प्रकारले गरेका छन् । R.K. Sapru ले विकासका निम्नलिखित सिद्धान्त वा उपागमका बारेमा उल्लेख गरेका छन् :

- ✓ मार्क्सको पुँजीवाद र वर्गसंर्घषको सिद्धान्त Karl Marx
- ✓ मनोवैज्ञानिक उपागमहरू Max Weber
- ✓ निर्भरताको सिद्धान्त आन्ड्रे गुन्डर फ्याङ
- ✓ विस्तार वा प्रशारणको सिद्धान्त एभरेस्ट एम. रोजर्ज
- ✓ बैकल्पिक विकासको सिद्धान्त E.F. Schumakar.

## विकास प्रशासन

विकासका लक्ष्य परिपूर्तिका लागि सञ्चालित प्रशासन नै विकास प्रशासन हो, जसले सामाजिक रूपान्तरणमा जोड दिन्छ । विकासका आवश्यकताको पहिचान गर्ने, कार्यक्रम वा आयोजनाको छनोट गर्ने, कार्यान्वयन गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रशासकीय संरचनाको नाम नै विकास प्रशासन हो । नीति, योजना, कार्यक्रम र परियोजना यी चार पक्षको एकीकृत प्रयास नै विकास प्रशासन हो । विकास

# विकासमा हरित अर्थतन्त्र र लेखाङ्कन

– डम्बरबहादुर कार्की*


## सारांश

*विकास सकारात्मक परिवर्तन हो । आर्थिक समृद्धि र उन्नति मात्र विकास होईन भन्ने मान्यता अघि सरेपछि सामाजिक न्याय, समावेशीकरण, समता र वातावरणीय संरक्षण समेत विकासका दायरामा परेका छन् । स्रोतसाधनहरु, प्रक्रियाहरु र माध्यमहरु विकासका साधन हुन भने विकास आफैं मानवजीवनको समृद्धि, खुशी र सुखका लागि साध्य भएकाले विकास मानवका लागि साधन र साध्य दुवै हो ।*

*संयुक्तराष्ट्र संघले रियो द जेनेरियोमा सन् १९९२ मा गरेको विश्व वातावरण सम्मेलन र त्यसको पुनरावलोकनका सन्दर्भमा ४ देखि ६ जून, २०१२ मा भएको रियो +२० सम्मेलनले हरित अर्थतन्त्रका विषयलाई दिगो विकास र गरिबी निवारणसँग आवद्ध गरेर उजागर गरेको छ । यसले प्राकृतिक सम्पदा असीमित स्रोत हो भन्ने परम्परागत मान्यतामा परिवर्तन गर्ने फड्को मार्न सचेतना जगाएको छ ।*

*हरित अर्थतन्त्रको माध्यमबाट विकास गर्न संवैधानिक व्यवस्था, सार्वजनिक–निजी साझेदारीका लागि मिश्रित नीति, प्राकृतिक स्रोतको दक्षतापूर्ण उपयोग, प्रदूषणयुक्त ऊर्जा उत्सर्जनमा कमी गर्नुपर्दछ । यस विकास प्रयासले मानवलाई केन्द्रबिन्दुमा राखेर मानव एकता, न्याय, सामाजिक समावेशीकरण, समता, सम्मान, मानवाधिकार र नागरिक सहभागितालाई प्रवर्द्धन गर्दछ । पर्यावरणमा आधारित यस प्रकारको विकास प्रयासले विकासोन्मुख मुलुकको जनता र अर्थतन्त्रमा पार्ने प्रभाव, मूल्य अस्थिरता, वित्तीय संकट, प्रकोप, खाद्य संकट, जलवायु परिवर्तन, पानीको अभावलाई सम्बोधन गरी दिगो उत्पादन तथा उपभोग प्रवृतिमा टेवा पुऱ्याउँदछ ।*

*पछिल्ला दिनमा हरित अर्थतन्त्रको लेखांकन गर्ने पद्धति समेत विकास गरिएको छ । खुद गार्हस्थ उत्पादन (Net Domestic Product-NDP) मा खूद निर्यात, अन्तिम उपभोग र खुद लगानी समावेश गरिएको हुन्छ भने System Of Environmental Economic Accounting- SEEA मा उत्पादित वा अनुत्पादित वित्तीय र प्राकृतिक सम्पतिहरुको समेत गणना गरिएकौ पाईन्छ ।*


*लेखा सदस्य, राजस्व न्यायधिकरण, काठमाडौं ।

## विषय प्रवेश

बढ्दो जनसंख्या, अव्यवस्थित शहरीकरण, वनजंगल लगायत प्राकृतिक सम्पदाको अपचलन, असुरक्षित औद्योगिक विकास, प्रविधिको अत्यधिक प्रयोग, विभिन्न संक्रामक र उपचारविहीन रोगहरुको उत्पति, विकासका प्रक्रिया र गतिमा अस्वस्थ प्रतिस्पर्धा, सूचना प्रविधिको विस्तारले सीमाविहीन सामिप्यताबाट सिर्जित सांस्कृतिक विचलन, नियन्त्रणमा राज्यसंयन्त्रको शिथिलता आदिले विकासका आयामहरुलाई जटिल र चुनौतीपूर्ण बनाउँदै ल्याएकाले ती जटिलता र चुनौतीको सामना गर्दै व्यवस्थित विकास प्रक्रिया अवलम्बन गरी सभ्य, सुसंस्कृत र समृद्ध विश्व निर्माण गर्न मानव समुदाय चिन्तनशिल र क्रियाशिल रहेको छ ।

यस्ता चुनौतीहरुको सामना गर्ने क्षमता र प्रविधिको विकास हुँदै आएको भए तापनि तिनको उपयोगमा समझदारी, बुद्धिमता, पारस्परिक साझेदारी एवम् भविष्योन्मुख सोच, शैली र व्यवहारको अभावका कारण जटिलता थपिँदै गएको देखिन्छ ।

पछिल्ला दिनमा मुलुकको उत्पादन, वितरण र उपभोग आँकलन गरी तयार गरिने राष्ट्रिय लेखामा प्राकृतिक स्रोतसाधन, तिनको उपयोगिता, ह्रास र संरक्षण लागतको मौद्रिक मूल्य समेत मापन गरी समायोजन गर्ने पद्धतिको विकास हुँदै आएको पाईन्छ । यसबाट पुस्तान्तरण हुने जैविक विविधता समेतको लेखांकन, प्रतिवेदन हुने प्रणाली विकसित भै दुर्लभ प्राकृतिक स्रोतको संरक्षणमा टेवा पुग्न थालेको छ ।

## विकासको परिचय

विकास भनेको विगतबाट निर्देशित नभई विगतका सफल अनुभव, सकारात्मक परिणाम र तिनका कारण, वर्तमानमा सबल पक्षको विश्लेषण र भविष्यको सम्भावना, चाहना र ईच्छाको प्रस्फुटन गराउने रणनीतिको परिणाम हो ।

जबसम्म भविष्यको सम्भावना, ती सम्भावना प्रस्फुटन गर्ने रणनीति तथा नीतिको मार्ग चित्र स्पष्ट रुपमा कोरिँदैन तबसम्म अग्रगामी विकासको बाटो खुल्दैन ।

विकासलाई मानवीय आवश्यकता पूर्तिको साधन मात्र नबनाई बहुआयामिक, बहुपक्षीय, बहुविषय, बहुक्षेत्रीय अन्तर सम्बन्धबाट विश्लेषण गरी वातावरणसँग अन्तरनिर्भर र अन्तर सम्बन्धित तुल्याउँदै रणनैतिक चासो, क्षेत्रगत एकीकरण, व्यवस्थापन गतिशीलता, संरचनागत र नीतिगत प्रावधानका माध्यमबाट निरन्तरता दिईनु पर्दछ ।

विकास भनेको सकारात्मक परिवर्तन र मानव मात्रको उन्नति हो । सुरुमा विकास पूर्वाधारको संरचना निर्माणसँग मात्र सम्बन्धित रहेकोमा विकास मानवका लागि आवश्यक गास, बास, कपास, शिक्षा, स्वास्थ्यसम्म आएर अहिले विकास स्रोतको बाँडफाँडमा दक्षता, उपलब्धिको वितरणमा समता सहितको समानतामा आईपुगेको छ । आजको विकासले आर्थिक, सामाजिक अवस्थाको सुधार र स्तरीय जीवनयापन सहितको खुशी र सुखी मानव समाजको अपेक्षा राखेको हुन्छ ।

शाब्दिक अर्थमा साविकको अवस्थाबाट माथिल्लो,पूर्ण वा परिपक्व अवस्थामा पुऱ्याउन हासिल भएको वृद्धिलाई बुझाउने विकासको विभिन्न आयाममा अलग अलग दृष्टिकोणबाट परिभाषित गरिएको पाईन्छ :

| | |
|---|---|
| क) अर्थशास्त्र | कूल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आयमा हुने वृद्धि |
| ख) समाजशास्त्र | सामाजिक संरचना र प्रक्रियामा हुने सुधार, |
| ग) सार्वजनिक प्रशासन | आर्थिक तथा सामाजिक संरचनामा भएको प्रगति, |
| घ) राजनीतिशास्त्र | लोकतान्त्रिक पद्धतिको विकास र नागरिक अधिकारको प्रत्याभूति, |

विकास भनेको आर्थिक प्रगति मात्र होईन, समग्रमा गरिबी, असमानता र बेरोजगारीको अन्त्य गर्नु नै विकास हो भन्ने अवधारणा पछिल्लो शताब्दिको अन्त्य नहुँदै सुरु भयो । सन् १९६० को दशक पछि तेश्रो विश्वका राष्ट्रहरुले आर्थिक वृद्धिका लक्ष्यहरु हासिल गरेर पनि आम जनताको जीवनस्तरमा अपेक्षाकृत सुधार हुन नसकेकाले विकासको अवधारणामा आर्थिक सूचक संगसंगै सामाजिक सूचकहरु समावेश गरियो ।

यसपछि विकास हुन कूल गार्हस्थ उत्पादन र प्रतिव्यक्ति आयमा वृद्धि भएर मात्र पुग्दैन, साक्षरता, स्वास्थ्य स्थिति, आवास सुविधा, जनोपयागी सेवाहरुको प्रवाहमा समेत अपेक्षित सुधार हुनुपर्दछ भन्ने मान्यताले अग्रता पाउन थाल्यो ।

संयुक्त राष्ट्र संघको पहल र नेतृत्वमा बीसौं शताब्दिको अन्त्यमा भएको विश्वव्यापी भेलाले विकासका लागि आर्थिक वृद्धि मात्र यथेष्ठ हुदैन, पर्यावरणीय संरक्षण, जलवायु परिवर्तनको अनुकूलन र दिगो विकास अपरिहार्य हुँदै आएको तथ्य उठाएर विकासको प्रतिफल समानुपातिक, समतायुक्त वितरणबाट विश्वकै रोग, भोक, गरिबी, अशिक्षा निर्मूल गर्नु पर्दछ भन्ने निष्कर्ष निकालेको देखिन्छ । त्यसैगरी भूगोलको कुनै अंशमात्र विकसित भएर पुग्दैन, सबै मुलुकको समान विकास आवश्यक छ । जसका लागि विश्व साझेदारीको आवश्यक्ता औंल्याई राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका मूल लक्ष्य, उद्देश्य, सूचक तय गरी सहस्राब्दि विकास लक्ष्य (MDGs- १९९० देखि २०१५) का नामले कार्यान्वयन गरियो ।

MDGs कार्यान्वयनको समीक्षा सहित RIO+20 का सिद्धान्त अनुसार भावी Agenda तय गर्ने सम्बन्धमा UNO ले २०१३ मा गठन गरेको ३० सदस्यीय खुला कार्य समूहले १७ वटा लक्ष्य र १६९ वटा सूचक सहित आगामी १५ वर्षे विकास लक्ष्य मार्ग चित्र प्रस्तुत गरेकोमा UNO को ७० औं महासभाले २५ सेप्टेम्बर,२०१५ मा अनुमोदन गरेको AGENDA हो दिगो विकासको लक्ष्य २०१५-२०३० यस एजेण्डाले "Transforming Our World by 2030" भन्ने मान्यतालाई आत्मासात गर्दै पृथ्वी, मानिस र समृद्धिलाई केन्द्रीत गरेको छ । विश्वलाई भोक, अशिक्षा, गरिबी, असमानता र वातावरणीय असन्तुलनबाट मुक्त गरी नागरिकलाई स्वस्थ, शिक्षित, समुन्नत र सुरक्षित बनाउने विश्व विकासको दोस्रो १५ वर्षे अभियान हो यो ।

UNO को Humanitarian Summit to "Shape a Different Future" मा निर्दिष्ट गरिएका यी दिगो विकासका एजेण्डामा निर्धारण गरिएका यी लक्ष्यहरुका आ आफ्ना विशिष्ठ सूचकहरु छन् ।


**लक्ष्यहरु**

- NO Poverty,
- Zero Hunger,
- Good Health & Well being,
- Quality Education,
- Gender Equality,
- Clean Water & Sanitation,
- Affordable and Clean Energy,
- Decent Work & Economic Growth,
- Industry,Innovation & Infrastructure,
- Reduced Inequalities,
- Sustainable Cities & Communities,
- Responsible Consumption & Production,
- Climate Action,
- Marinosystem,
- Ecosystem,
- Peace,Justice & Strong Institution,
- Partnership for the Goal.

विकासलाई वर्तमान अवस्थाबाट अपेक्षित अवस्थामा पुग्ने मार्गका रुपमा बुझ्ने गरिन्छ । यस मार्गका बीचमा अन्य अपेक्षाहरु पनि साथै समेट्नु पर्ने चुनौती थपिएका छन् । यसलाई यसरी प्रष्ट्याउन सकिन्छ ः

**हाम्रो अपेक्षित अवस्था**

**हाम्रो वर्तमान अवस्था**




(**चित्र नं.** १)

विकासको यस अवधारणाले अपेक्षा गरेको उपलब्धि हासिल गर्न केही व्यवधानहरु सामना गर्नुपर्दछ । व्यक्तिगतस्तर र राष्ट्रियस्तरका आर्थिक स्रोतसाधनमै कमी छ, प्रविधिजन्य र मानवीय क्षमताको कमी छ, वातावरणीय सवलता अपेक्षानुकूल राख्न सकिने अवस्था देखिँदैन । यी सबैलाई व्यवस्थित र अपेक्षित तुल्याउन शासकीय प्रणालीको गुणस्तर उच्च हुनुपर्दछ जुन यी सबैको व्यवस्थापक र संवाहक हो । विकासलाई व्यवस्थित र दिगो पार्न सकिएन भने केवल दुःखद परिवर्तन मात्र हुनेछ ।